# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, जेठ २ गते २०५७ साल (संख्या ५

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क) को उपखण्ड (७) ले दिएको अधिकार प्रयोग गरी "फोहोर मैलाको सङ्कलन, ढुवानी, फोहोर मैला प्रशोधन स्थल निर्माण, फोहोर मैलाको सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा" लाई आवश्यक सेवामा समावेश गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी फोहोर मैलाको सङ्कलन, ढुवानी, फोहोर मैला प्रशोधन स्थल निर्माण, फोहोर मैलाको सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवामा हडताल गर्न निषेध गरेको हुँदा यो आदेश जारी गरेको छ।

आज्ञाले,

पदमप्रसाद पोखरेल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐन मिति २०५७ साल श्रावण १ गतेदेखि नेपाल अधिराज्यभर लागू हुने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
डा. मुक्तिनारायण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
४८